**BUSINESS & WORKFORCE DEVELOPMENT**

CITY OF BURLINGTON

# बर्लिङ्टन रिभल्भिङ लोन प्रोग्रामहरू (BURLINGTON REVOLVING LOAN PROGRAMS)

बर्लिङ्गटन सिटीले परिक्रामी ऋण (रिभल्भिङ लोन) कोषका लागि भनेर $500,000 छुट्टाएको छ जसको प्राथमिक उद्देश्य भनेको विशेषगरी BIPOC, महिला-स्वामित्वमा रहेका र अन्य सेवा नपुगेका व्यवसायहरूमा केन्द्रित भएर कोभिड-19 महामारीबाट प्रभावित वा असमान रूपमा प्रभावित भएका स्थानीय रूपमा स्वामित्वमा रहेका व्यवसायहरू र उद्योगहरूलाई समर्थन गर्ने हो।

थप पर्याप्त ऋण आवश्यकता भएका बर्लिङ्टनका व्यवसायहरूलाई समर्थन गर्न दुई छुट्टाछुट्टै परिक्रामी ऋण कार्यक्रमहरू, एउटा **माइक्रोलेन्डिङका लागि Kiva** सँगको साझेदारीमा र दोस्रो, **बर्लिङ्टन रिभल्भिङ लोन प्रोग्राम (BRLP)** सिर्जना गरियो।

## मेरा लागि कुन ऋण सही छ?

बर्लिङ्टनका दुई परिक्रामी ऋण कार्यक्रमहरूको निम्न एकपछि अर्कोको तुलनाले तपाईंलाई कुन कार्यक्रम तपाईंको व्यवसायको आवश्यकताअनुसार उपयुक्त छ भन्ने निर्णय गर्न मद्दत गर्ने छ, तर हामी तपाईंलाई **business@burlingtonvt.gov मा थप विकल्पहरू छलफल गर्न व्यवसाय र कार्यबल विकास (Business and WorkforceDevelopment, BWD) विभागमा सम्पर्क गर्न प्रोत्साहन दिन्छौं।**

| **किभा माइक्रोलेन्डिङ प्रोग्राम (Kiva Microlending Program)**<br>$1,000 देखि $15,000 सम्म ऋण | **बर्लिङ्टन रिभल्भिङ लोन प्रोग्राम**<br>$ 10,000 देखि $ 40,000 सम्म ऋण |
|---|---|
| 0% ब्याज दर | 0% ब्याज दर |
| समय: 12 देखि 36 महिना | समय: 3 देखि 5 वर्ष |
| ऋणीहरूलाई कुनै शुल्क लाग्दैन | आवेदन शुल्क: $25<br>प्रशासन शुल्क: ऋण रकमको 2% |
| Sharia कानून अनुरूप | Sharia कानून अनुरूप |

तपाईंका लागि भाषा सेवाहरू निःशुल्क उपलब्ध गराइन्छ। अतिरिक्त अनुवाद र दोभाषे सेवाहरूका लागि, कृपया (802-865-7144) मा कल गर्नुहोस्।